# निर्वाचन आयोग नेपाल

## मतदाता नामावली अधावधिक(दावी विरोध समेत)कार्यक्रम २०७७

## सहायक नाम दर्ता अधिकारीको कार्यालय

## करैयामाई गाउँपालिका, बारा

प.सं.२०७७/०७८ मिति :२०७७/१०/१५

च.नं.:

बिषय - <u>कार्यक्रमको सुचना तथा मतदाता नामावली प्रकाशन सम्बन्धमा ।</u>

श्री सम्पूर्ण गाउँपालिका बासीहरु,
करैयामाई गाउँपालिका, बारा

उपरोत्त सम्बन्धमा यस करैयामाई गाउँपालिकाका मतदाता नामावली अधावधिक (दावी बिरोध समेत) कार्यक्रम २०७७ को कृयाकलाप तथा मतदाता नामावली प्रकाशन गरिएको ब्यहोरा जानकारीसाथ सबैमा अनुरोध छ ।

गौरीशंकर चौधरी
सहायक नाम दर्ता अधिकारी

O/C.

*अनुसूची २*

निर्वाचन आयोग, नेपाल

प्रमुख/सहायक नाम दर्ता अधिकारीको कार्यालय ...कैयापाई गाउँपालिका डरेया, बाए

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७७ देहायका कियाकलापसहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | कियाकलाप | देखि | सम्म | समय | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७७/१०/१५ | | बिहान १०.०० बजे | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| २ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित सहायक नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७७/१०/१६ | २०७७/१०/१८ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७७/१०/१६ | २०७७/१०/१७ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि मतदाता |
| ४ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तहभित्र भए सहायक नाम दर्ता अधिकारीको कार्यालयमा, एकैजिल्लाभित्रको फरक फरक स्थानीय तहभित्र भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७७/१०/१६ | २०७७/१०/१८ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७७/१०/१६ | २०७७/१०/१८ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै मतदाता |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७७/१०/१६ | २०७७/१०/१७ | - | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| ७ | क.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७७/१०/१८ | २०७७/१०/१९ | - | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क.सं. २ बमोजिम त्रुटि सच्याउनको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी त्रुटि सच्याउनको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नको लागि विवरण तयार गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | - | मतदाता नामावली ऐन, २०७३ को दफा १४(२) | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/प्रमुख नाम दर्ता अधिकारी |
| ९ | क.सं. ४ बमोजिम निवेदन प्राप्त भएपश्चात सम्बन्धित स्थानीय तह भित्रै दोहोरो परेको भए सहायक नाम दर्ता अधिकारी स्वयंले जाँचबुझ गरी नाम हटाउने सम्बन्धमा निर्णय गर्ने सो बाहेकका दोहोरो परेको हकमा प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नुपर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | - | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| १० | क.सं. ५ बमोजिम प्राप्त सूचना र क.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी सहायक नाम दर्ता अधिकारीले नै हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीले आवश्यक छानबीन गरी नाम हटाउनको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | - | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |

| क.सं. | क्रियाकलाप | देखि | सम्म | समय | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|---|
| ११ | सूचना/निवेदन प्राप्त नभएतापनि कुनै मतदाता बसाईसरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउन प्रमुख नाम दर्ता अधिकारी समक्ष सिफारिस गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | - | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क.सं. ३ बमोजिम परेको उजुरी र क.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारी समक्ष सिफारिस गर्ने । | २०७७/१०/२० | २०७७/१०/२० | - | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क.सं. ९,१०, ११ र १२ बमोजिम नाम हटाइएको वा हटाउनलाई सिफारिस गरेको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्ने | २०७७/१०/२१ | | बिहान १०,०० बजे | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय |
| १४ | सहायक नाम दर्ता अधिकारीले मतदाता नामावली अद्यावधिक कार्यक्रममा प्रयोग भएका सबै कागजात तथा सामग्री प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा बुझाउने | २०७७/१०/२१ | २०७७/१०/२४ | - | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| १५ | क्रसं. ८ बमोजिम त्रुटि सच्याउने वा क.सं. १३ बमोजिमको नाम हटाउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीबाट प्राप्त सिफारिस बमोजिम निर्णय गर्ने । | २०७७/१०/२२ | २०७७/१०/२६ | - | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १६ | क.सं. १५ बमोजिम प्रमुख नाम दर्ता अधिकारीबाट भएको निर्णय बमोजिम नाम हटाइएका वा त्रुटी सच्याइएका मतदाताको विवरण प्रकाशन गर्ने | २०७७/१०/२६ | | दिउँसो १.०० बजे | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १७ | क.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७७/१०/२६ | २०७७/११/०२ | - | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

*द्रष्टव्यः सहायक नाम दर्ता अधिकारीको कार्यालय शुक्रबार तथा सार्वजनिक बिदाका दिनमा समेत बिहान १०.०० बजेदेखि बेलुकी ५.०० बजेसम्म खुला रहनेछ ।*